# युवा सीप तथा नेतृत्व विकास कार्यक्रम सञ्चालन निर्देशिका

## २०७३

**प्रकाशकः**


नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

**राष्ट्रिय युवा परिषद**

त्रिपुरेश्वर, काठमाडौं

# युवा सीप तथा नेतृत्व विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७३

**स्वीकृत मितिः २०७३/०९/०४**

**प्रस्तावना :** राष्ट्र निर्माणको आधारस्तम्भका रुपमा रहेका युवा वर्गलाई आधुनिक सीप र प्रविधियुक्त गराई युवा सहभागिता, परिचालन र नेतृत्व विकासको माध्यमबाट देशको सामाजिक र आर्थिक परिवर्तनका लागि अनुकूल वातावरण निर्माण गर्ने उद्देश्यले राष्ट्रिय युवा नीति २०७२ र युथ भिजन २०२५ को मर्म र भावनालाई आत्मसात गर्दै युवाको क्षमता विकासको माध्यमबाट उनीहरुलाई उद्यमी, स्वरोजगारउन्मुख र आत्मनिर्भर बनाउन, युवाहरुमा कामप्रति सकारात्मक सोंचको विकास गराउन र उद्यमशिलतालाई प्रवर्द्धन गर्नका लागि परिषदले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो निर्देशिकाको नाम "**युवा सीप तथा नेतृत्व विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७३**" रहेको छ ।

(२) यो निर्देशिका परिषदले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:-

(क) "युवा सीप तथा नेतृत्व विकास कार्यक्रम" भन्नाले युवाको सर्वाङ्गीण विकासका लागि विकासका लागि आवश्यक समयसापेक्ष योग्यता, क्षमता तथा कार्यकुशलताका साथ युवा उद्यम तथा व्यवसाय र युवा परिचालन एवं रचनात्मक कार्यका लागि आवश्यक सीप प्रदान गर्ने तालिम वा प्रशिक्षण सम्झनुपर्छ ।

(ख) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्छ ।

(ग) "परिषद्" भन्नाले राष्ट्रिय युवा परिषद् सम्झनु पर्छ ।

(घ) "ऐन" भन्नाले राष्ट्रिय युवा परिषद ऐन २०७२ सम्झनुपर्छ ।

(ङ) "नियमावली" भन्नाले राष्ट्रिय युवा परिषद नियमावली २०७३ सम्झनुपर्छ ।

(च) "युवा" भन्नाले १६ देखि ४० वर्षसम्मको उमेर भएको व्यक्ति सम्झनु पर्छ ।

(छ) “प्राथमिकता समूहका युवा” भन्नाले महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम र पिछडिएको क्षेत्रका युवालाई सम्झनुपर्छ ।

(ज) “विशेष प्राथमिकताको समूहका युवा” भन्नाले द्वन्द्वपीडित, जोखिममा परेका, अपाङ्गता भएका, सीमान्तकृत, लोपोन्मुख, अल्पसङ्ख्यक युवालाई सम्झनुपर्छ ।

(झ) “जोखिममा रहेका युवा” भन्नाले एच.आई.भी./एड्स सङ्क्रमित, बेचबिखनमा परेका, प्राकृतिक विपद्मा परेका, लागू औषध प्रयोगकर्ता, यौन व्यवसायमा संलग्न, सडकमा रहेका, मुक्त कमैया परिवारका तथा असुरक्षित गन्तव्यका मुलुकमा वैदेशिक रोजगारीमा संलग्न युवालाई सम्झनुपर्छ ।

(ञ) “अपाङ्गता भएका युवा” भन्नाले सबै प्रकारका शारीरिक र मानसिक अपाङ्गता, दृष्टिविहिन, वहिरा आदि भएका युवालाई सम्झनुपर्छ ।

(ट) “सीमान्तकृत” भन्नाले राजनैतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानुन बमोजिमको मानव विकासको स्तरभन्दा न्युन स्थितिमा रहेका अति सिमान्तकृत र लोपोन्मुख समुदाय समेतका १६-४० वर्षका युवालाई सम्झनुपर्छ । अल्पसङ्ख्यक समुदायका युवा” भन्नाले भौगोलिक विकटता, जातीय, भाषिक, सांस्कृतिक, क्षेत्रीय, वर्गीय तथा लैङ्गिक आधारमा राज्य तथा गैरराज्यका सेवा सुविधाबाट वञ्चित, सीमान्तकृत तथा राष्ट्रिय विकासको मूल प्रवाहमा आउन नसकेका अन्य युवालाई सम्झनुपर्छ ।

(ठ) “उद्यम” भन्नाले जीविकोपार्जन वा आय आर्जनका लागि गरिने आर्थिक कृयाकलाप वा व्यवसाय वा उद्योगलाई सम्झनु पर्दछ ।

(ड) “समुह” भन्नाले उद्यम वा व्यवसाय सञ्चालन गर्नका लागि निमार्ण भएको युवाको संगठित संस्था वा समुह सम्झनुपर्छ ।

(ढ) “साझेदार संस्था” भन्नाले कार्यक्रम सञ्चालनका लागि प्राविधिक सेवा र सहयोग उपलब्ध गराई साझेदारीमा काम गर्ने संस्थालाई सम्झनुपर्छ ।

(ण) “बेरोजगार युवा” भन्नाले आयआर्जन हुने कुनैपनि पेशा वा व्यवसायमा नियमित रुपमा संलग्न नरहेको तथा कुनै काममा नियमित रुपमा संलग्न नभएको १६ वर्ष देखि ४० वर्ष उमेर समूहका व्यक्ति सम्झनुपर्छ ।

(त) “संघ संस्था” भन्नाले प्रचलित नेपाल कानुन बमोजिम स्थापना भई युवा विकास तथा उद्यमशिलताको क्षेत्रमा अविच्छिन्न कार्यरत सरकारी निकाय वा राष्ट्रिय युवा परिषदसंग आवद्ध गैर सरकारी संस्थालाई सम्झनु पर्छ ।

(थ) “कार्यकारी समिति” भन्नाले राष्ट्रिय युवा परिषद ऐन २०७२ को दफा ८ बमोजिम गठित कार्यकारी समितिलाई सम्झनुपर्छ ।

(द) “जिल्ला युवा समिति” भन्नाले राष्ट्रिय युवा परिषद् ऐन, २०७२ को दफा ११ बमोजिमको जिल्ला युवा समिति सम्झनु पर्दछ ।

(ध) “अध्यक्ष” भन्नाले जिल्ला युवा समितिका अध्यक्ष सम्झनुपर्छ ।

(न) “उपाध्यक्ष” भन्नाले राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्षलाई सम्झनु पर्छ ।

(प) “लक्षीत समूह” भन्नाले १६-४० वर्ष उमेर समूहका नेपाली नागरिक, सिमान्तकृत, अपाङ्ग, जोखिममा रहेका युवा, विशेष प्राथमिकताको समूहका युवा तथा महिलालाई सम्झनुपर्छ ।

## परिच्छेद-२

## युवा सीप तथा नेतृत्व विकास तालिम समन्वय समिति

३. (१) युवाको सीप तथा नेतृत्व विकास तालिम सम्बन्धी नीति तर्जुमा, समन्वय, अनुगमन तथा निर्देशन दिनका लागि केन्द्रमा देहाय बमोजिमको युवा सीप तथा नेतृत्व विकास तालिम समन्वय समिति रहनेछ ।

| | |
|---|---|
| (क) कार्यकारी उपाध्यक्ष, राष्ट्रिय युवा परिषद् | अध्यक्ष |
| (ख) अधिकृत प्रतिनिधि, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम परिषद् | सदस्य |
| (ग) अधिकृत प्रतिनिधि, ब्यवसायिक तथा सीप विकास तालिम केन्द्र | सदस्य |
| (घ) अधिकृत प्रतिनिधि, उद्योग मन्त्रालय | सदस्य |
| (ङ) अधिकृत प्रतिनिधि, युवा तथा खेलकुद मन्त्रालय | सदस्य |
| (च) राष्ट्रिय युवा परिषदका सदस्यहरु मध्ये कम्तिमा १ जना महिला पर्ने गरी तीन जना | सदस्य |
| (छ) प्रशासकीय प्रमुख, राष्ट्रिय युवा परिषद् | सदस्य-सचिव |

(२) दफा (१) बमोजिम गठित समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. युवा सीप तथा नेतृत्व विकास तालिम सम्बन्धी नीति र कार्यक्रम तर्जुमा गर्ने ।

ख. ब्यवसायिक तालिम प्रदायक संस्थाहरु बीच समन्वय र सहकार्यको वातावरण निर्माण गर्ने ।

ग. ब्यवसायिक तालिम तथा प्रशिक्षणको पाठ्यक्रम छनौट गर्ने ।

घ. केन्द्र, प्रदेश तथा स्थानीय तहमा प्रदान गरिने सीपमूलक तथा ब्यवसायिक तालिमको अनुगमन, सुपरीवेक्षण तथा सरोकारवालाहरुलाई निर्देशन दिने ।

(३) समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ३

## युवा सीप तथा नेतृत्व विकास तालिमको क्षेत्र र छनौटका आधार

### ४. युवा सीप तथा नेतृत्व विकास तालिमको क्षेत्रः

(१) तालिमको विषय तथा क्षेत्र : कार्यकारी समितिले विभिन्न विषय तथा क्षेत्रहरुमा युवाहरुको क्षमता अभिवृद्धि गर्नका लागि मागमा आधारित भई तालिम तथा प्रशिक्षणका क्षेत्रहरु निर्धारण गर्नेछ ।

(२) तालिम कार्यक्रमका लागि परिषदले जिल्ला युवा समितिमार्फत कम्तिमा एक्काइस दिनको सूचना दिई युवाहरुबाट तालिमको प्रस्ताव आह्वान गर्नेछ । सो सूचना बमोजिम युवाले अनुसूची १ बमोजिमको ढाँचामा जिल्ला युवा समितिको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (१) अनुसारका विषय तथा क्षेत्रहरुको परिधिभित्र रही जिल्ला युवा समितिमार्फत प्राप्त युवाका मागमा आधारित देहाय बमोजिमका तालिम तथा प्रशिक्षण सञ्चालन हुनेछन् ।

(क) परिषदले सञ्चालन गरेका युवा विकास तथा उद्यमसंग सम्बद्ध ब्यवसायलाई प्रभावकारी रुपमा सञ्चालन गर्न युवाबाट माग गरिएका ब्यवसायलाई सहयोगी हुने तथा सुदृढीकरण गर्ने खालका प्रशिक्षणहरु ।

(ख) न्युन तथा मध्यम स्तरका जनशक्ति उत्पादन गर्ने खालका सीपजन्य तालिमहरुः सिकर्मी, डकर्मी, इलेक्ट्रिसियन, प्लम्बर, सिलाइबुनाइ, ब्युटिसियन घरेलु हस्तकला वा काष्टकला, स्टिल फिक्सर, वेल्डिङ्, पेन्टिङ्, मोवाइल मर्मत, कडाइ (बुटिक), कम्प्युटर तालिम आदि

(ग) पशुपालन व्यवसाय सम्बन्धी तालिमः खरायो पालन, कुखुरा पालन, वाख्रापालन, गाई भैंसी पालन, वंगुरपालन, अष्ट्रिजपालन आदि ।

(घ) कृषिजन्य व्यवसाय सम्बन्धी तालिमः वेमौसमी तथा उन्नत तरकारी खेती, च्याउ खेती, फलफूल खेती, माछापालन, मौरी पालन, जडिबुटी प्रशोधन ।

(ङ) पर्यटन व्यवसायसंग सम्बन्धित तालिमहरुः होटल मेनेजमेन्ट, होमस्टे, कुक, रिसोर्ट सञ्चालन, ट्रेकिङ् गाइड, प्यारागलाइडिङ्, रोपग्लाइडिङ्, मोटेल तथा शाहसिक खेल आदि ।

(च) परम्परागत पेशा तथा व्यवसाय, ड्राइभिङ्, लाइफगार्ड, हस्तकला, काष्टकला लगायतका पेशाहरु

(छ) युवाको मागका आधारमा युवा नेतृत्व विकाससंग सम्बन्धित क्षमता विकासका तालिमहरु

(ज) परिषदले आवश्यकता महशुस गरी छनौट गरिने अन्य तालिमहरु

(४) तालिमको विषयवस्तु छनौट गर्दा स्थानीय स्रोत र साधनलाई अधिकतम् उपयोग गर्दै तत्काल स्वरोजगार हुन सक्ने खालका सीपको तालिमलाई प्राथमिकता दिइनेछ ।

## ५. सहभागी छनौटका आधारहरुः

(१) दफा ४ मा उल्लेखित प्रशिक्षणका क्षेत्रहरूमध्ये कुनै क्षेत्रमा व्यवसायिक तालिम लिनु इच्छुक व्यक्तिगत, समूहगत वा संस्थागत रुपमा निवेदन प्राप्त १६ देखि ४० वर्ष उमर समूहका युवाहरुको नाम विषयगत रुपमा अलग अलग तयार गरी माग र जिल्लाको आवश्यकता एवं संभावनाका आधारमा जिल्ला युवा समितिले विषयगत रुपमा क्लष्टरिङ् गर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवसायिक तालिम लिन इच्छुक, न्यूनतम् आधारभूत तहको योग्यता हासिल गरेका युवाहरुमध्येबाट जिल्ला युवा समितिले सहभागीको छनौट गर्नेछ र छनौट भएका युवाको नामावली स्वीकृतिका लागि परिषदमा पठाउनेछ ।

(३) प्रशिक्षार्थी छनौट समितिको बैठकमा सम्बन्धित विषयका विज्ञ तथा सो प्रदेश अन्तर्गतका राष्ट्रिय युवा परिषद सदस्यलाई आमन्त्रण गरिनेछ ।

(४) प्रशिक्षार्थी छनौट गर्दा समावेशी सिद्धान्तका आधारमा गर्नुपर्नेछ । यसमा प्राथमिकता प्राप्त र विशेष प्राथमिकताप्राप्त वर्गका लागि प्राथमिकता दिइनेछ ।

(५) जिल्ला युवा समितिले छनौट गरी सिफारिससाथ पठाएका तालिमका सहभागी, विषयक्षेत्र र केन्द्र सम्बन्धी अन्तिम स्वीकृति कार्यकारी समितिले गर्नेछ ।

(६) उपदफा (५) बमोजिम स्वीकृति दिनु पूर्व कार्यकारी समितिले देहायका व्यक्तिहरु रहेको मूल्याङ्कन समिति गठन गर्नेछ र उक्त समितिको सिफारिसमा तालिम सम्बन्धी विषयको अन्तिम स्वीकृति प्रदान गर्नेछ ।

(क) प्रशासकीय प्रमुख, राष्ट्रिय युवा परिषद — संयोजक

(ख) प्रतिनिधि, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् — सदस्य

(ग) सदस्यः प्रतिनिधि, व्यवसायिक तथा सीप विकास तालिम केन्द्र — सदस्य

(घ) सदस्यः प्रतिनिधि, शैक्षिक जनशक्ति विकास केन्द्र — सदस्य

(ङ) सदस्यः राष्ट्रिय युवा परिषदका सदस्यहरु मध्येबाट दुई जना — सदस्य

(च) सदस्य-सचिवः उपसचिव, युवा तालिम तथा अनुसन्धान शाखा राष्ट्रिय युवा परिषद् — सदस्य-सचिव

(७) उपदफा (५) बमोजिमको समितिले स्वीकृत गरेको तालिमका सहभागी, विषय/क्षेत्र तथा केन्द्र सम्बन्धी विवरण सम्बन्धित जिल्ला युवा समितिलाई पठाइनेछ ।

(८) उपदफा (६) बमोजिम गठित मूल्याङ्कन समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आँफैले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेद-४

## व्यवसायिक तालिमको पाठ्यक्रम, समयावधि र सीप परीक्षण

### ६. तालिमको पाठ्यक्रमः

(१) कुनै व्यवसायिक तालिमका लागि छनौट भएका युवाहरुले व्यवसायिक सीप विकासका सम्बन्धमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) वा व्यवसायिक तथा सीप विकास तालिम केन्द्रले निर्धारण गरे बमोजिमको र नेतृत्व विकासका सम्बन्धमा शैक्षिक जनशक्ति विकास केन्द्र, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (स्टाफ कलेज) लगायतका युवा नेतृत्व विकास सम्बन्धी अन्य तालिम प्रदायक संस्थाहरुले निर्धारण गरे बमोजिम मागका आधारमा विषयगत पाठ्यक्रम निर्धारण गरी सोही बमोजिम प्रशिक्षण सञ्चालन गरिनेछ ।

(२) प्रशिक्षणको समयावधि (Duration)ः व्यवसायिक सीप तथा नेतृत्व विकास तालिमको समयावधि सम्बन्धित तालिमको पाठ्यक्रममा तोकिए बमोजिम हुनेछ ।

(३) तालिमको सीप परीक्षणः तालिम सम्पन्न भएपछि सहभागी प्रशिक्षार्थीमा विकास भएको व्यवसायिक सीपको परीक्षण सीप परीक्षण केन्द्र तथा सम्वद्ध निकायले तोके बमोजिमको प्रक्रियाबाट हुनेछ । सीप परीक्षणबाट उत्तीर्ण प्रशिक्षार्थीहरुलाई तोकिएबमोजिम प्रमाण-पत्र उपलब्ध गराइनेछ ।

(४) व्यवसायिक सीपको तालिम प्राप्त गरेका प्रशिक्षार्थीहरुलाई स्वरोजगारका लागि राष्ट्रिय युवा परिषदबाट आवश्यक सहयोगका कार्यक्रम (Support programme) सञ्चालन गर्न सकिनेछ ।

(५) तालिमको पाठ्यक्रम, तालिम सञ्चालनमा प्राविधिक सहयोग, अनुगमन तथा निरीक्षणका लागि केन्द्रीय, प्रादेशिक र स्थानीय स्तरमा सो कार्यक्रम सञ्चालन गरिरहेका सरकारी तथा गैरसरकारी निकाय तथा संघसंस्थाहरुसंग कार्यकारी समितिले समन्वय, सहकार्य तथा द्विपक्षीय समझदारी/सम्झौता (Memorandum of Understanding-MOU) गर्न सक्नेछ ।

## परिच्छेद - ५

## सुपरिवेक्षण तथा अनुगमन

### ७. सुपरिवेक्षण तथा अनुगमन समिति

(१) युवाको व्यवसायिक सीप तथा नेतृत्व विकास सम्बन्धी प्रशिक्षण कार्यक्रमको स्थलगत अनुगमन, सुपरीवेक्षण तथा आवश्यक पृष्ठपोषण समेत दिनका लागि केन्द्रमा देहाय बमोजिमको केन्द्रीय सुपरिवेक्षण तथा अनुगमन समिति रहनेछ ।

(क) प्रशासकीय प्रमुख, राष्ट्रिय युवा परिषद् — संयोजक
(ख) युवा तथा खेलकुद मन्त्रालयका सम्वन्धित युवा शाखा हेर्ने उपसचिव — सदस्य
(ग) प्रतिनिधि, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद — सदस्य
(घ) प्रतिनिधि, व्यवसायिक तथा सीप विकास तालिम केन्द्र — सदस्य
(ङ) प्रतिनिधि, उद्योग मन्त्रालय — सदस्य
(च) प्रतिनिधि, राष्ट्रिय लघुउद्यमी महासंघ — सदस्य
(छ) राष्ट्रिय युवा परिषदका सदस्यहरु मध्येवाट कम्तिमा एकजना महिला सहित दुई जना सदस्य
(ज) परिषदको तालिम शाखा हेर्ने उपसचिव — सदस्य-सचिव

(२) केन्द्रीय सुपरिवेक्षण तथा अनुगमन समितिको काम कर्तव्य र अधिकार

क) तोकिए बमोजिम तालिम कार्यक्रम सञ्चालन भए नभएको सम्बन्धमा स्थलगत निरीक्षण तथा सुपरिवेक्षण गर्ने ।

ख) प्रशिक्षण सञ्चालनमा देखिएका समस्यालाई समाधान गर्न आवश्यक सहयोग तथा सहजीकरण गर्ने र सुधारका लागि आवश्यक निर्देशन दिने ।

(ग) अनुगमनका क्रममा भए गरेका क्रियाकलाप तथा तालिम सञ्चालनमा देखिएका राम्रा र सुधार गर्नुपर्ने पक्षहरु औंल्याई राय सुझाव सहितको प्रतिवेदन परिषदमा पेश गर्ने ।

(घ) परिषदले तोकेका अन्य कार्यहरु ।

(३) जिल्ला स्तरमा सञ्चालित व्यवसायिक सीप विकास तथा प्रशिक्षण कार्यक्रमको नियमित अनुगमन तथा सुपरीवेक्षणको काम जिल्ला युवा समितिले गर्नेछ ।

(४) जिल्ला स्तरीय अनुगमन तथा सुपरिवेक्षण सम्बन्धमा जिल्ला युवा समितिको काम, कर्तब्य र अधिकारः

(क) जिल्लामा तोकिए बमोजिम तालिम कार्यक्रम सञ्चालन भए नभएको सम्बन्धमा स्थलगत निरीक्षण तथा सुपरिवेक्षण गर्ने ।

(ख) प्रशिक्षण सञ्चालनमा देखिएका समस्यालाई समाधान गर्न आवश्यक सहयोग तथा सहजीकरण गर्ने र सुधारका लागि आवश्यक निर्देशन दिने ।

(ग) तालिममा कुनै कावु वाहिरको परिस्थिति सिर्जना भई तालिम बन्द गर्नुपर्ने वा समयावधिमा फेरबदल गर्नुपर्ने भएमा सोको मनासिव कारण र समाधानको लागि राय सुझाव सहितको प्रतिवेदन परिषदमा पठाउने ।

(घ) सम्पन्न कामहरुको विवरण तोकिएको ढाँचामा तयार गरी अभिलेख राख्ने र सोको एकप्रति परिषदमा पठाउने ।

(ङ) तोकिएको समय र प्रक्रिया बमोजिम प्रशिक्षण सञ्चालन नगरेमा वा सम्झौता बमोजिमको कार्य नभएको पाइएमा तालिम बन्द वा खारेजी वा थप कारवाहीका लागि परिषदमा लेखी पठाउने ।

(च) तालिमको अन्तमा, सम्पन्न क्रियाकलाप तथा तालिम सञ्चालनमा देखिएका राम्रा र सुधार गर्नुपर्ने पक्षहरु औंल्याई राय सुझाव सहितको अन्तिम प्रतिवेदन परिषदमा पेश गर्ने ।

(छ) परिषदले तोकेका अन्य कार्यहरु ।

## परिच्छेद -६

## विविध

**८. सहयोग गर्नुपर्ने** ः यस निर्देशिका युवा सीप तथा नेतृत्व विकास कार्य आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तब्य हुनेछ ।

**९. निर्देशनको पालना** : मन्त्रालय र परिषद्ले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सरोकारवालाहरुको कर्तब्य हुनेछ ।

**१०. निर्देशिका संसोधन गर्न सक्ने** : परिषद्ले यस कार्यक्रमलाई समयानुकुल बनाउन वा आइपरेका समस्याको समाधान गर्नका लागि आवश्यकतानुसार यस निर्देशिका संसोधन गर्न सक्नेछ ।

**११. वाधा अड्काउ फुकाउन अधिकार** : यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अवरोध आइपरेमा परिषद्ले बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची १

**(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)**

युवा सीप तथा नेतृत्व विकास तालिमको लागि दिइने निवेदनको ढाँचा

श्री जिल्ला युवा समितिको कार्यालय,

..........................................

**विषय : व्यवसायिक सीप/नेतृत्व विकास तालिममा सहभागी हुन पाऊँ ।**

उपर्युक्त सम्बन्धमा म/हामी राष्ट्रिय युवा परिषदबाट सञ्चालन हुने व्यवासायिक सीप विकास/नेतृत्व विकास तालिम लिन इच्छुक भएकोले देहायको विषयमा प्रशिक्षणको व्यवस्था मिलाइदिनुहुन अनुरोध छ । परिषदले तोकेको शर्त र तालिमका नीति नियम र प्रक्रियाहरु पालना गर्न मञ्जुर छु भनी आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण-पत्र तथा नेपाली नागरिकताको प्रमाण-पत्र यसै निवेदनसाथ संलग्न राखी पेश गरेको छु /छौं ।

निवेदकको विवरणः

१) युवा/व्यक्तिको नामथरः ........................................................................ ............................................

२) ठेगाना : ....................................................... गाविस/नपा .................................. ........वडा नं ..........

३) शैक्षिक योग्यताः ................................................................ गाउँ/टोलः.......................................................................

४) तालिम लिन चाहेको विषय/क्षेत्रः १. .......................................... २. ........................................... ३ ...................................

५) संपर्क फोन नं. ............................................................... इमेल : ...... ..................................................................

निवेदकको दस्तखत :

मितिः .....................................

संस्थागत/समूहगत निवेदकहरुको विवरणः

समूहको नामः ......................................................................................................................................................

तालिम लिन चाहेको विषय/क्षेत्रहरुः १. ..................................... २. ....................................... ३. .......................................

| क्र.सं. | समूह सदस्यको नामथर | ठेगाना | शैक्षिक योग्यता | संपर्क फोन नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |